आज मिति २०८०।१०।२० गतेका दिन अपरान्ह ३:०० बजेको समयमा यस लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ३५ औं बैठक बसी तपशिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

<u>तपशील</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | नगर प्रमुख | |
| २ | श्री जुना चौधरी | नगर उपप्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री संतोष कुमार ओली | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री लब बहादुर शाही | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री माया विष्ट | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भगवानदिन चौधरी | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री हरी प्रसाद चौधरी | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष वडा नं. १० | |
| १३ | श्री उजीर सिंह सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री सुमित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री ज्योती देवी वि.क. | कार्यपालिका सदस्य | |
| १६ | दुर्गा देवी उखेडा | कार्यपालिका सदस्य | |
| १७ | झपट सिंह वि.क. | कार्यपालिका सदस्य | |
| १८ | कोकिला देवी दमाई | कार्यपालिका सदस्य | |
| १९ | सेतु देवी कामी | कार्यपालिका सदस्य | |
| २० | दिपा देवी रावत | कार्यपालिका सदस्य | |
| २१ | माधव कुमार जैसी | सचिव | |

अन्य उपस्थिति

१ भानुभक्त उपाध्याय (प्रशासन शाखा प्रमुख)

२. सुरेश उपाध्याय (नगरप्रमुख सचिवालय)

Scanned with CamScanner

**प्रस्ताव नं. १ समपुरक अनुदान र विशेष अनुदान योजना माग सम्बन्धमा।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा समपुरक अनुदान सम्बन्धि ( तेस्रो संशोधन ) कार्यविधि २०७७ र विशेष अनुदान सम्बन्धि ( तेस्रो संशोधन ) कार्यविधि २०७७ मा व्यवस्था भए बमोजिम संघीय समपुरक अनुदान र संघीय विशेष अनुदानका आयोजनाको प्रस्ताव २०८० माघ मसान्त भित्र राष्ट्रिय योजना आयोगले प्रयोगमा ल्याएको विधुतीय (अनलाइन) प्रणाली मार्फत भरि सक्नु पर्ने भएकाले यस लम्कीचुहा नगरपालिकाबाट आगामि वर्ष २०८१।०८२ को लागि तपशीलका योजना तथा कार्यक्रम माग गर्ने भन्ने निर्णय पारित गरियो ।

तपशील

संघीय समपुरक अनुदान तर्फका योजना:

| क्र.सं. | योजनाको नाम | कार्यान्वयन हुने वडा | लागत अनुमान |
|---|---|---|---|
| १ | बहुउद्देश्यीय सिटि हल निर्माण | लम्कीचुहा – ४ कैलाली | १० करोड |
| २ | रिठाई ताल पर्यटन पूर्वाधार निर्माण | लम्कीचुहा -१ कैलाली | ५ करोड |
| ३ | कर्णाली पुलमा लाइटिङ जडान | लम्कीचुहा – ३ कैलाली | ७ करोड |
| ४ | राजीपुर देखि जानकी गा.पा. सम्म जाने सडक कालोपत्रे | लम्कीचुहा – ५ कैलाली | ६ करोड |
| ५ | वावनपुर विद्यालय पछाडि प्यारापिट सहितको खेद मैदान निर्माण | लम्कीचुहा – ६ कैलाली | ५ करोड |
| ६ | भिम विष्टको घर देखि सुनिल स्वारको घर हुँदै मलभंगा ट्रान्सफम सम्म नालासहितको कालोपत्रे | लम्कीचुहा – ८ कैलाली | ३ करोड |
| ७ | चुहा र तोरीपुर जोडने पथरिया नदीमा पक्की पुल निर्माण | लम्कीचुहा – १० कैलाली | ९ करोड |

ख संघीय विशेष अनुदान तर्फ

संघीय विशेष अनुदान तर्फका योजना:

| क्र.सं. | योजनाको नाम | कार्यान्वयन हुने वडा | लागत अनुमान |
|---|---|---|---|
| १ | आधारभुत स्वास्थ्य योजना अन्तर्गत सेवा सुविधा सहितको अस्पताल निर्माण योजना | लम्कीचुहा – ७ कैलाली | १० करोड |
| २ | वडा नं. ६ स्थित लुहारपुर र रंगादेवी प्रा.वि. विद्यालय भवन निर्माण | लम्कीचुहा- ६ कैलाली | २ करोड |
| ३ | बाघमारा खानेपानी आयोजना वडा नं. ६ | लम्कीचुहा- ६ कैलाली | ३ करोड |
| ४ | संयुक्त दलित अभियानको भवन निर्माण | लम्कीचुहा – १ कैलाली | १ करोड |

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ५ | वडा नं. ४ का विभिन्न ठाउँमा अति विपन्न परिवारलाई १०० घर निर्माण | लम्कीचुहा – ४ करोड | १ करोड |
| ६ | बचैला डमरिया खानेपानी आयोजना फिल्टर जडान | लम्कीचुहा – ८ कैलाली | १ करोड |

**प्रस्ताव नं. २ तराई मधेश समृद्दी कार्यक्रम माग गर्ने सम्बन्धमा।**

निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा नेपाल सरकारबाट माग गरिए बमोजिम यस लम्कीचुहा नगरपालिका क्षेत्रमा कार्यान्वयन हुने गरि तराई मधेश समृद्दी कार्यक्रम अन्तर्गतका योजनाहरु माग गर्ने निर्णय गरियो।

तराई मधेश समृद्धि अनुदान तर्फ

| तराई मधेश समृद्धि अनुदान तर्फका योजना: | | | |
|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | कार्यान्वयन हुने वडा | लागत अनुमान |
| १ | पश्चिम भुरुवा कृषि हाटबजार पूर्वाधार निर्माण | लम्कीचुहा – १ कैलाली | १ करोड |
| २ | सुतैया झालाटोलमा दलित वस्ती चाहनानगर मुक्त कमैया शिविर र तिघरी मुस्लिम टोलमा सामुदायिक भवन निर्माण | लम्कीचुहा – १० कैलाली | १० करो८ |
| ३ | सामुदायिक आवास योजना अन्तर्गत थारु संङ्ग्रहालय निर्माण | लम्कीचुहा - ०७ कैलाली | २ करोड |
| ४ | कृषि हाटबजार निर्माण | लम्कीचुहा – ०९ कैलाली | २ करोड |
| ५ | त्रिवेणी चोक देखि धुव्र रावलको घरहुँदै प्रियप्रसाद कोइरालको घरसम्म सडक कालोपत्रे | लम्कीचुहा – ५ कैलाली | २ करोड |

**प्रस्ताव नं. ३ अध्ययन मनोनयनको लागि सिफारिस सम्बन्धमा ।**

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा नेपाल ईन्जिनिगरिङ सेवा सिभिल समुह अधिकृत छैठौ तह ईन्जिनियर पदमा कार्यरत श्री शुशिला बजगाई (क.स.न. २३७०८२) लाई नेपाल सरकारलाई प्राप्त Korea International Cooperation Agency (Koica) स्कलरसिप कार्यक्रम अन्तर्गत Water Resource Management विषयमा Master's Degree अध्ययन गर्न सम्बन्धित निकायमा उम्मेदवार मनोनयनका लागि सिफारिस गर्ने निर्णय पारित गरियो

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

Scanned with CamScanner

प्रस्ताव नं. ४ प्रोत्साहन रकम सम्बन्धमा ।

निर्णय नं. ४ प्रस्ताव. नं. ४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको सिमाभित्रका उत्खननमा रोक लगाईएको खोलाहरुबाट अवैध रुपमा नदिजन्य पदार्थ चोरी निकासी गरीरहेको वा नदिजन्य पदार्थ उत्खनन गरिरेको स्थलबाट राजस्व रोयल्टी रसिद नतिरि निकासी गरिरहेको अवस्थामा सुरक्षाकर्मीसंग समन्वय गरी नियन्त्रणमा लिई लम्कीचुहा नगरपालिकाको कार्यालयमा कारबाहीका लागि सिफारिस गरेमा लम्कीचुहा नगरपालिकाबाट गरिएको कुल जरिवानाको रकमको १० (दश प्रतिशत) ले हुन आउने रकम सुरक्षाकर्मिलाई र त्यस्तो अवैध रुपमा ढुङ्गा बालुवा चोरी निकासी गरीरहेको नियन्त्रणमा लिने सुरक्षाकर्मीबाहेकका अन्य निकायलाई (व्यक्ति संघ संस्था ) कुल जरिवानाको रकमको १० (दश प्रतिशत) ले हुन आउने रकम आ.व.२०८०।०८१ का लागि २०८० माघ १ गतेबाट लागु हुने गरी प्रोत्साहन स्वरुप दिने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ५ दैनिक ज्यालादारीमा कर्मचारी नियुक्ति सम्बन्धमा ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका अन्तर्गतका विभिन्न खोला नालाहरुमा रोयल्टी संकलन कार्यको अनुगमन गर्नका लागि तपिशल बमोजिमका व्यक्तिहरुलाई कार्यालय सहयोगी पदको लागि तोकिए बमोजिमको रकम भुक्तानि हुने गरी २०८० माघ २१ गते देखि लागु हुने गरी २०८१ जेठ मसान्तसम्म दैनिक ज्यालादारीका रुपमा कामकाजमा लगाउने निर्णय पारित गरियो ।

| क्र स | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | चन्द्र बि.क. | लम्कीचुहा -१ कैलाली | |

प्रस्ताव नं. ६ रोयल्टी संकलन कार्यका लागि थप जनशक्ति कामकाजमा लगाउने सम्बन्धमा ।

निर्णय नं. ६ प्रस्ताव. नं. ६ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा लम्कीचुहा नगरपालिका क्षेत्रमा रहेका नदि/खोलाहरुको IEE गरिएको स्थानबाट नदिजन्य पदार्थको संकलन तथा विक्रि वितरणका लागि बोलपत्र आह्वान गरिएकोमा कर्णाली नदी तथा धोविनिया खोलाको प्याकेजमा बोलपत्र पेश भएको तर चरेला, खहरे र ढाँडे खोला समेतको प्याकेज र चोरी, रतन खोला र आम खोला समेतको प्याकेजमा कुनै पनि बोलपत्र पेश नभएको र बोलपत्र पेश नभएका नदिहरुबाट नगरपालिकाले तपशिल बमोजिमका थप जनशक्ति खटाई रोयल्टी संकलन गर्ने निर्णय पारित गरियो । साथै निजले संकलन गरेको कुल रोयल्टी रकमको (मुल्य अभिवृद्धि ) रकम बाहेको १० दश प्रतिशतले हुन आउने रकम पारिश्रमिक भुक्तानि गर्ने निर्णय पारित गरियो ।

| क्र.स. | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | लोकेन्द्र थापा | लम्कीचुहा – १ कैलाली | |

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

CS Scanned with CamScanner

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. ७ योजना संशोधनका लागि सिफारिस गरि पठाउने सम्बन्धमा ।**

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका आ.व. २०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम धन्चैया पथरैया शान्तिटोल र कोपिला सामुदायिक वन जोड्ने वडा नं. ३ लम्कीचुहा नगरपालिका कैलाली योजनालाई संशोधन गरी **रोरा खोला लम्कीचुहा नगरपालिका वडा नं. १ र २ झुङ्गा देखि उदयपुरमा झोलुङ्गे पुल निर्माण योजना कायम** गरिदिन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ८ माघि मिलन कार्यक्रमका लागि रकम विनियोजन गर्ने सम्बन्धमा।**

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत बजेट समपुरक कोष शीर्षकबाट व्ययभार हुने गरि माघि मिलन कार्यक्रम गर्न नगर भलमन्सा / बडघर समितिलाई रु ३,५०,०००।०० अक्षेरुपी रु तीन लाख पँचास हजार मात्र विनियोजन गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ९ नगर प्रमुख आवास कार्यक्रमका लागि अपुग रकम सम्वन्धमा।**

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका भल्का कैलालीको आ.व. २०८०।०८१ को स्वीकृत कार्यक्रम नगर प्रमुख आवास कार्यक्रममा विनियोजित बजेटमा लागत अनुमान बढन रु १२,५०,०००।०० अक्षेरुपी रु बाह लाख पचास हजार मात्र अपुग हुन गएकोले सो अपुग रकम आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत बजेट समपुरक कोष शीर्षकबाट व्ययभार हुने गरि विनियोजन गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १० आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयमा पेश हुन आएका निवेदनहरुको जाँच गरि तपशील अनुसारको आर्थिक सहयता आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्य सामाजिक सहायता शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

तपशील

१. लम्कीचुहा नगरपालिका वडा नं. ४ निवासी दुर्गा ओखडालाई - रु ५०,०००।०० अक्षेरुपी पँचास हजार मात्र ।
२. लम्कीचुहा नगरपालिका वडा नं. ९ निवासी समिक्षा ओडलाई - रु ५०,०००।०० अक्षेरुपी पँचास हजार मात्र।
३. लम्कीचुहा नगरपालिका वडा नं. १ निवासी कोकिला देवी दमाई लाई- रु ५०,०००।०० अक्षेरुपी पँचास हजार मात्र।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner

**प्रस्ताव नं. ११ शितगृह निर्माण सम्बन्धमा ।**

निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम शितगृह निर्माण लाई बहुवर्षिय योजना (तीन वर्षिय ) रुपमा कार्यान्वय गर्ने र लागत अनुमान बमोजिमको रकम सुनिश्चितता गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १२ घ वर्गको ईजाजत उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. १२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा पेश हुन आएका निवेदनहरुको प्राविधिक चेकजाँच तथा आवश्यक कागजातहरुको जाँच गर्दा "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम तपशील अनुसारका फर्मलाई घ वर्गको ईजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो।

तपशील

क. अनुकुल निर्माण सेवा प्रा.लि. लम्कीचुहा-०१, कैलाली।

ख. पि.टि.एस. निर्माण सेवा लम्कीचुहा -०२, कैलाली।

ग. तेजस्वी सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. लम्कीचुहा -०३ कैलाली।

**प्रस्ताव नं. १३ कार्यविधी स्वीकृत गर्ने सम्बन्धमा।**

निर्णय नं. १३, प्रस्ताव नं. १३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको तपशील अनुसारका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय पारित गरियो।

तपशिल

१. लम्कीचुहा नगरपालिका बाल अधिकार समिति गठन तथा सञ्चालन कार्यविधि , २०८०

**प्रस्ताव नं. १४ भूमी ईकाइमा दैनिका ज्यालादारीमा कर्मचारी नियुक्ति सम्बन्धमा ।**

निर्णय नं. १४, प्रस्ताव नं. १४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. १ निवासी श्री सुस्मिता शाहीलाई राष्ट्रिय भूमि आयोग स्थानीय सेवा केन्द्र लम्कीचुहा नगरपालिकामा लगत प्रविष्टकर्ता पदका लागि तोकिए बमोजिमको पारिश्रमिक भुक्तानि हुने गरी मिति २०८० फाल्गुन १ गतेबाट लागु हुने गरी २०८१ असार मसान्त सम्म लगत प्रविष्टकर्ता पदका दैनिक ज्यालादारीमा कामकाजमा लगाउने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १५ वि.पि. स्मृति भवनमा बजेट विनियोजन सम्बन्धमा ।**

निर्णय नं. १५, प्रस्ताव नं. १५ माथि वि.पि. स्मृति भवन निर्माणमा घेरापर्खाल निर्माण तथा शौचालय निर्माणका लागि आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत बजेट समपुरक कोष शीर्षकबाट व्ययभार हुने गरि रु १० लाख विनियोजन गर्ने निर्णय पारित गरियो।

**प्रस्तावन नं. १६ लागत साझेदारीमा योजना कार्यान्वयन सम्बन्धमा।**

निर्णय नं. १६, प्रस्ताव नं. १६ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाका को आर्थिक वर्ष २०८१।०८२ को लागि कार्यान्वयन हुने संघीय समपूरक योजनामा तराई मधेश समृद्दी कार्यक्रमतर्फ लम्कीचुहा नगरपालिकाको तर्फबाट कुल लागतको ४० चालिस प्रतिशत रकम साझेदारी सुनिश्चित गर्ने निर्णय पारित गरियो।

Scanned with CamScanner

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. १७ नेपाल तरुण दल जानकी गाउँपालिकालाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।**

निर्णय नं. १७ प्रस्ताव नं. १७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको आ.व. २०८०।०८१ को स्वीकृत कार्यक्रम नगर प्रमुख खेलकुद कार्यक्रम तथा खेलकुद सामाग्री वितरण शीर्षकबाट व्ययभार हुने गरी नेपाल तरुण दल जानकी गाउँपालिका कैलालीलाई स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद भन्ने उद्देश्कासाथ फुटवल प्रतियोगिता आयोजना गर्न रु २५०००।०० अक्षेरुपी रु पच्चिस हजार मात्र आर्थिक सहयोग गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १८ मोतिपुर बघौरा बजार व्यवस्थापन समितिलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।**

निर्णय नं. १८ प्रस्ताव नं. १८ माथि आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत बजेट नगरपालिकास्तरीय विभिन्न सांस्कृतिका कार्यक्रम शीर्षकबाट व्ययभार हुने गरि मोतिपुर बघौरा बजार व्यवस्थापन समितिलाई गौरापर्व आयोजना गर्न रु ३००००।०० अक्षेरुपी तीस हजार मात्र आर्थिक सहयोग गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १९ पुराना घरनक्सा अभिलेखिकरण गर्ने सम्बन्धमा ।**

निर्णय नं. १९ प्रस्ताव नं. १९ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका भित्र रहेका भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड २०७२ तथा भवन संहिता २०७२ लागु हुनभन्दा पहिले निर्माण भएका र घरनक्सा पास सम्बन्धी प्रकियामा नआएका भवनहरु एकपटकका लागि मिति २०८० फाल्गुन १ गतेदेखि २०८० चैत्र मसान्तसम्मका लागि घरनक्सा पास तथा अभिलेखिकरण गर्ने निर्णय पारित गरियो ।

२०८०।१०।२०

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

CS Scanned with CamScanner